बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

मकवानपुर, हेटौंडा, नेपाल

**प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आव्हान गरिएको सूचना।**

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/१२/१२)

सूचना नः- ०३-२०८१/८२

यस कार्यालयको आ.ब. २०८१/०८२ को लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रविधि हस्तान्तरण कार्यक्रमका लागी विनियोजित बजेट रकमको परिधिभित्र रहि यस कार्यालयमा दर्ता कायम रही तपसिलमा उल्लेखित स्थानमा सञ्चालनमा रहेका इच्छुक उद्योगहरुको लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसूची-१ को अधिनमा रही यस कार्यालयको ५० प्रतिशत अनुदान र सम्बन्धित उद्योग/उद्यमीको तर्फबाट ५० प्रतिशत लागत साझेदारीमा आफ्नो उद्योगको प्रकृति तथा उद्देश्यसँग सम्बन्धित प्रविधि (मेशिन, औजार र उपकरण) उपलब्ध गराइने भएकोले यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र (२०८१ साल चैत्र २१ गते सम्म कार्यालय समयभित्र रितपूर्वक प्रस्ताव (निवेदन) पेश गर्न हुन सम्बन्धित सबैको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क.सं | कार्यक्रमको नाम | लक्षित वर्ग | बार्षिक बजेट | प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १. | वातावरण मैत्री झोला निर्माण सम्बन्धी प्रविधि हस्तान्तरण | **थाहा नगरपालीका वडा नं. ३ मा सञ्चालनमा रहेका उद्योगहरुका लागी** | रु ५ लाख मात्र (कार्यक्रम — ११.३.२२.८३ ) | ❖ कार्यालयले तोकेको ढाँचाको निवेदन<br>❖ उद्योग दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी<br>❖ भ्याट/पान दर्ता नं. र आ.व. ०८०/८१ को कर चुक्ता पत्र<br>❖ समावेशी समूहको भए सोको प्रमाणपत्र<br>❖ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>❖ अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपीहरु<br>❖ सम्बन्धित वडाको सिफारिस पत्र<br>❖ माग गरेको मेशिन उपकरणको स्पेशिफिकेशन / catlog सहित प्रचलित बजार मुल्य खुल्ने आधिकारिक कागजात |
| २. | तेल उद्योगहरुका लागी | **मकवानपुरगढी गाउपालिका भित्र सञ्चालनमा रहेका उद्योगहरुका लागी** | रु ५ लाख मात्र (कार्यक्रम — ११.३.२२.१३१ ) | |

**शर्त तथा प्राथमिकताः**

१. प्रविधि माग सम्बन्धी निवेदन प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसुची -२ को ढाँचा अनुसारको यस कार्यालयबाट उपलब्ध गराइनेछ। साथै कार्यालयको वेभसाइटः https://csiomakawanpur.bagamati.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।

२. यस अघि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहबाट कम्तीमा अन्तिम तीन वर्षसम्म कुनै किसिमको प्रविधि हस्तान्तरण सहयोग वा अनुदान प्राप्त नगरेको हुनुपर्दछ।

३. यस अघि प्रविधि नलिएका नेपाल सरकार/ प्रदेश सरकार/स्थानीय तहबाट कुनै किसिमको सहयोग वा अनुदान प्राप्त नगरेको भन्ने सिफारिस वा स्वघोषणा निवेदन साथ पेश गर्नु पर्नेछ ।

४. सरकारी निकायबाट सिपमुलक तालिम लिइ सञ्चालनमा रहेका उद्योग/उद्यमीहरुलाइ प्राथमिकता दिइनेछ ।

५. निवेदन दस्तुर वापतको रु. १००(एक सय रुपैयाँ) मात्र राजश्व शिर्षक नं. १४२२९ कार्यालय कोड ३०७०१३२०३३

राम प्रसाद बेसाल

प्रमुख उद्योग अधिकृत

राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, मकवानपुरमा रहेको खाता नं. १०००२०००१०००० मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नुपर्नेछ।

६. प्राप्त प्रस्तावहरुको आवश्यकता अनुसार फिल्ड निरीक्षण समेत गरी मुल्यांङ्कन समितिद्वारा मुल्याङ्कन गरिनेछ।

७. म्याद नाघी वा रीत नपुर्याई पेश हुन आएका प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

८. अन्य प्रकृया प्रचलित कानुन र प्रविधी हस्तान्तरण कार्यविधि, २०८१ बमोजिम हुनेछ।

९. विस्तृत जानकारीको लागि कार्यालयको सम्पर्क नं. ०५७-५२०४३७, ०५७५२७३३६, वेभसाइट: https://csiomakawanpur.bagamati.gov.np, ईमेलः csiomakawanpur@gmail.com, फेसबुक पेजः उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरमा सम्पर्क गर्न सकिनेछ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा वाणिज्य कार्यालय
हेटौडा, मकवानपुर, नेपाल

राम प्रसाद भुसाल
प्रमुख उद्योग अधिकृत